# ‘साङ्कोटे बज्यै’ कथामा अभिघात

**डा. यज्ञप्रसाद गुरागाईँ, (उपप्राध्यापक, नेपाली विभाग), धनकुटा बहुमुखी क्याम्पस, धनकुटा**
Orcid ID : https://orcid.org/0009-0005-1497-2999
Email : guragain.yagya@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा उषा हमालद्वारा लेखिएको ‘साङ्कोटे बज्यै’ कथालाई प्रस्तुत भएको अभिधातीय दृष्टिबाट अध्ययन गरिएको छ । यस कथामा अभिघातको प्रयोगावस्था के कस्तो छ भन्ने मूल प्राज्ञिक समस्याअनुरूप सो कथामा व्यक्त भएको अभिघातको प्रयोगावस्था पत्ता लगाउनु यस लेखको उद्देश्य रहेको छ । गुणात्मक ढाँचामा आधारित यस लेखमा पुस्तकालयबाट सङ्कलन गरिएका प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको यस लेखमा ‘साङ्कोटे बज्यै’ पात्रले भोग्नुपरेका मानसिक सङ्घात र शारीरिक यातनालाई मनोवैज्ञानिक अभिघात र शारीरिक अभिघात दुई उपशीर्षकमा चर्चा गरिएको छ । लेखका अन्तमा साङ्कोटे बज्यैका माध्यमबाट नेपाली बालविधवा नारीहरूका मनोवैज्ञानिक र शारीरिक दुवै किसिमको अभिघातीय जीवनको वणर्न यस कथामा अभिव्यक्त भएको विषयमा विमर्श गरिएको छ ।

*मुख्य शब्दावली* : उग्रचण्डी, निरीहावस्था, पोइ टोकुवा, श्रमसाध्य, कटुपूर्ण

Article's information : Manuscript received : 2024/08/27, Date of review : 2025/01/20, Date of manuscript acceptance 2025/05/20 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v2i2.79243
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2025 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

उषा हमाल (२०१९) सल्यान जिल्लाको खलङ्गा डाँडागाउमा जन्मेकी साहित्यकार हुन् । सम्वत् २०३३ सालमा युगबोध मा प्रकाशित कविताबाट उनको साहित्यिक यात्रा प्रारम्भ भएको (प्रसाई र प्रसाई, २०७१, पृ. ४५) हुँदा उनी २०३० को दशकदेखि नेपाली साहित्यमा देखा परेकी साहित्यकार हुन् भन्न सकिन्छ । आफ्नै जन्मभूमितिर कविता लेखनको प्रारम्भ गरे पनि पछि वाग्मती अञ्चलमा स्थापित भई उनले साहित्यको रचना गरेकी हुन् । उनका *क्यानभास नपाएका चित्र र समय समुद्र* (कविता सङ्ग्रह), *लोप्पा* (कथा सङ्ग्रह), *सागआल अजरबैजान* (निबन्ध सङ्ग्रह) र *बालु* (उपन्यास) प्रकाशित छन् (हमाल, सन् २०१९) । नारी समस्या र पीडा नै उनका रचनाको मुख्य विषय बन्न पुगेको पाइन्छ । उनले नारीका अभिघातीय सन्दर्भहरूलाई वर्णन गरेर पनि साहित्यको रचना गरेकी छिन् ।

अभिघात व्यक्तिमा आइपरेको चोट हो । व्यक्तिले बेहोर्नु परेको बाध्यात्मक अवस्थाबाट सिर्जित पीडा वा घात पनि हो । यसलाई अङ्ग्रेजीमा ट्रौमा (Trauma) भनिन्छ । पहिले पहिले ‘अभिघात’ शब्दले शारीरिक रूपमा लागेको चोटपटक वा घाइते अवस्थाको बोध गराए पनि हाल यसको अर्थ विस्तार भई स्नायविक, मानसिक र मनोवैज्ञानिक क्षति भन्ने पनि बुझ्न सकिन्छ (भट्टराई, २०७१, पृ. २८८) । यस अर्थमा अभिघात शारीरिक मात्र नभई मानसिक रूपमा पनि देखापर्छ । व्यक्तिमा

मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूति नै अभिघात हो (शर्मा, २०६६, पृ. ६२) । व्यक्तिले अत्यन्त पीडानुभूतिको अवस्थामा पुगी बेहोरेको मानसिक घाउलाई नै अभिघात भनिन्छ । गौतमका अनुसार युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम स्थितिलाई अभिघात भनिन्छ (२०६६, पृ. ५५) । यस भनाइमा युद्ध र सन्त्रासमय अवस्थाबाट उत्पन्न मानसिक पीडा नै अभिघात हो भन्ने बुझिन्छ । भट्टराईले यसलाई एकप्रकारको पक्षाघातको, विचलनको, असन्तुलनको तथा विस्मृतिको स्थितिमा पुग्ने अवस्था हो भनेका छन् (२०७१, पृ. २८८) । यसर्थ अभिघात मानिसको जीवनको अत्यन्त दुःखद अवस्था हो । यही अभिघातीय प्रयोगको अवस्था के कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित भई यस लेखमा उक्त कथामा प्रयुक्त अभिघातीय सन्दर्भहरूको विवेचना गरिएको छ । यहाँ यस कथामा अभिव्यक्त अभिघातीय सन्दर्भको मात्र अध्ययन गरिएकाले प्रस्तुत लेख सीमाबद्ध पनि बन्न पुगेको छ । हालसम्म कसैले पनि अभिघातीय सिद्धान्तलाई आधार मानी यस रचनाको विवेचना गरिएको नपाइएकाले यो अध्ययन नवीन हुनुका साथै अध्ययनका लागि औचित्यपूर्ण पनि बनेको छ ।

## विधि र सामग्री

प्रस्तुत 'साङ्कोटे बज्यै' कथामा अभिव्यक्त भएका अभिघातीय प्रयोगको अवस्था पत्ता लगाउन गरिएको यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । उषा हमालकृत 'साङ्कोटे बज्यै' कथाका सान्दर्भिक प्रयोगहरूलाई यहाँ प्राथमिक स्रोतका सामग्रीका रूपमा र अभिधातीय सिद्धान्त उल्लेख भएका  पुस्तक, तथा अभिघातीय सिद्धान्तलाई आधार बनाई लेखिएका लेखहरूलाई द्वितीय स्रोतका सामग्रीका रूपमा यहाँ प्रयोग गरिएको छ । यी सामग्रीहरूलाई पुस्तकालयबाट सङ्कलन गरिएको छ । गुणात्मक ढाँचाको अवलम्बन गरेर लेखिएको यस लेखमा मनोवैज्ञानिक र शारीरिक अभिघातलाई सूचकका रूपमा उपयोग गरिएको छ । विषयको प्रस्तुतीकरण गर्दा यहाँ विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ ।

## परिणाम र छलफल

'साङ्कोटे बज्यै' कथामा अभिव्यक्त अभिघातको अध्ययनका लागि यहाँ प्रथमतः अभिघातको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । त्यसपछि मनोवैज्ञानिक अभिघात र शारीरिक अभिघात यी दुई उपशीर्षकमा कथाकी नायिका साङ्कोटे बज्यैका अभिघातीय सन्दर्भहरूलाई यहाँ प्रस्तुत गरी तिनको विवेचना गरिएको छ :

### अभिघातको सैद्धान्तिक अवधारणा

कृतिमा निहित अभिघातीय सन्दर्भको अध्ययन गर्ने आधार नै अभिघात सिद्धान्त हो । दोस्रो विश्वयुद्धबाट सिर्जित परिणामले मान्छेका मनमा परेका  प्रभावहरूको अध्ययनबाट यस सिद्धान्तको आधारभूमि तयार भएको हो (सुवेदी, २०६८ख, पृ. १४२) । यो पछिल्लो समयमा साहित्यको सिद्धान्तका रूपमा स्थापित भइसकेको छ । त्रास वा भयका कारण उत्पन्न मानसिक संवेगलाई नै अभिघात सिद्धान्त (Trauma Theory) भनिन्छ (सुवेदी, २०६८क, पृ. ८०) । यस सिद्धान्तको विकासमा सिग्मन्ड फ्रायडको भूमिका महत्त्वपूर्ण छ । खास गरी फ्रायडले व्यक्तिको मानसिक पक्षको विश्लेषणका क्रममा व्यक्तिको अभिघातीय अवस्थालाई प्रकाशमा ल्याउने कार्य गरेका हुन् । दुर्घटना, मृत्यु, युद्ध आदि अभिघातका कारण बन्छन् भन्ने उनको धारणा रहेको पाइन्छ । यिनले स्वास्थ्यको उपचारका क्रममा यस पक्षको अध्ययन गरेका हुन् । त्यसैले अभिघात सिद्धान्तको आधार फ्रायडको मनोविश्लेषणसम्बन्धी अवधारणामा नै पाइन्छ (भिसर, सन् २०११) । ज्याक लकाँले अचेतन

मनको पुनर्व्याख्या गर्ने क्रममा अचेतन भाषाकै उत्पादन हो भन्ने अवधारणालाई अघि सारे। उनले अचेतन भाषाजस्तै संरचित हुन्छ भन्ने मान्यता समेत प्रस्तुत गरे (शर्मा, २०६६, पृ. ६२)। यसरी मनोविश्लेषणको भाषापरक अध्ययन गर्ने क्रममा समालोचनाका क्षेत्रमा अभिघात सिद्धान्त विकसित हुन पुगेको हो। साहित्य समालोचनाका क्षेत्रमा अभिघात सिद्धान्तको विकासमा ज्याक डेरिडा तथा जेफ्री हार्टम्यानको योगदान महत्त्वपूर्ण रहेको छ। पीडा र विपद्का सिकार बनेका व्यक्तिहरूका आलाप र विलाप तथा आफन्तको मरण र वियोगबाट संवेदना र विषाद समेत प्रकट भइरहेका अभिव्यक्तिहरू अभिघातका परिणाम हुन् भन्ने डेरिडाको विचार रहेको थियो (सुवेदी, २०६८ख, पृ. १४५)। अभिघात अध्ययनलाई विकसित गर्ने प्रमुख व्यक्तिकै रूपमा हार्टम्यान परिचित छन्।

अभिघात भौतिक र मानसिक गरी दुई प्रकारका हुन्छन्। भौतिक अभिघातलाई बाह्य र मानसिक अभिघातलाई आन्तरिक अभिघात भन्न सकिन्छ। अभिघातको अध्ययनमा कुन प्रकारको अभिघात हो भनेर निर्क्योल गर्न सकिन्छ। यसका साथै अभिघातका कारण, अभिधातपूर्वको स्थिति र अभिघातपछिको स्थितिको पनि अध्ययन गर्न सकिन्छ। अभिघात सिद्धान्त मनोविश्लेषणात्मक समालोचनाका सन्दर्भमा अर्थिने भए पनि यो अन्तर्विषयक अध्ययनसँग सम्बद्ध देखिन्छ। त्यसैले यसमा विशुद्ध मनोविश्लेषणात्मक पद्धतिबाट भन्दा पनि व्यक्तिसँग सम्बन्धित सांस्कृतिक, नैतिक, सामाजिक र राजनीतिक विकृतिका कारणहरू पहिल्याएर तिनका प्रभावबाट सिर्जित घातहरूको निरूपण गर्न प्रयत्न गरिन्छ (सुवेदी, २०६८ख, पृ. १४५)। अतः यस सिद्धान्तले व्यक्तिका घातका परिणामको मात्र अध्ययन नगरी कारणको समेत अध्ययन गर्दछ। अहिले यो उत्तरआधुनिक समालोचना सिद्धान्तका रूपमा समेत विकसित भइसकेको छ।

**मनोवैज्ञानिक अभिघात**

साङ्कोटे बज्यैको कथा भन्ने व्यक्ति आमा हुन्। आमाका अनुसार साङ्कोटे बज्यैको घर साङ्कोट गाउँमा हुन्छ। उनी सानै छँदा उनका बाबुआमाले उमेरले धेरै जेठा र दीर्घरोगी पुरुषसँग उनको विवाह गरिदिन्छन्। छोराछोरी नभईकन नै विवाह गरेको केही वर्षपछि उनका पतिको निधन हुन्छ। पतिको मृत्यु हुँदा उनी माइतीघरमा नै हुन्छिन् त्यसपछिको समयमा उनी विधवा भई एक्लो जीवन बाँच्न विवश हुन्छिन्। विधवा भएका कारण उनलाई माइतीघरमा बस्नै दिइँदैन। यसर्थ साङ्कोटे बज्यैका जीवनमा अभिघातीय पीडा आफ्नै घरपरिवारबाट सुरु भएको देखिन्छ।

माइतीघरमा बसेर लोग्नेको काजक्रिया गर्न नमिल्ने वा नपाउने भएपछि उनी विवाहित घर जान्छिन्। कर्मघरमा ससुरा सासू, जेठाजु जेठानी, देवर-देउरानी र तिनका छोराछोरी गरी निकै ठुलो परिवार भएकाले ती सबैका लागि उनले नै खाना पकाउनुपर्ने हुन्छ। ससुरा गाउँभरिका पण्डित भएकाले गाउँमा श्राद्ध तथा भोजभतेर हुँदा उनी नै खटेर भातभान्साको जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ। कार्यबोझले थिचिएकी उनी घरपरिवारका सदस्यहरूबाट राम्रो बोलीवचन सुन्नसमेत पाउँदिनन्। उनीप्रति परिवारबाट गरिएको व्यवहारलाई यसरी व्यक्त गरिएको छ : "घरमा उनलाई सबैले हेप्थे। पाइ टोकुवा जस्ता गालीहरूले सधैँ घोचपेच गरिरहन्थे (हमाल, २०७१ पृ. ७५)।" आफ्नै श्रीमान स्वर्गवासी भएर एक्लो जीवन बाँच्न विवश साङ्कोटे बज्यै आफूलाई लोग्नेको मृत्युको कारण बनाएर दोषी करार गर्दा मर्माहत बन्न पुग्छिन्। यसबाट उनमा मनोवैज्ञानिक प्रकृतिको अभिघात भई घरमा बस्नै नसक्ने अवस्थामा पुग्छिन् र कर्मघर छोडी माइतीघरमा फर्केर आउँछिन्।

माइतीघरमा आमाबाबु, दाजुभाइ सबै भएकाले उनले माइतीघरलाई नै बाँकी जीवन बिताउने आश्रयस्थल ठानेकी हुन्छिन्। तर परिस्थिति उनले सोचेजस्तो हुँदैन। केही दिन त उनलाई कसैले केही नभनी चुपचाप बसे पनि बिस्तारै उनी सबै जनाको टाउको दुखाइको विषय बन्छिन्। दाजुभाउजूका विचार र व्यवहार उनका लागि माइतीघरमा बस्न प्रतिकूल बन्दै गएका

छन् । यसरी नै यो माइतीमै बसिरही भने के गर्ने, कसले पाल्न सक्छ भनेर चिढिन थाल्दछन् । अझ भाउजूका धारणाले उनलाई थप मानसिक पीडा हुन्छ । दाजुसँग भाउजूले उनका विषयमा यस्तो धारणा व्यक्त गर्दछिन् :

> "घर गरी खान नसके राँकेभीरबाट हामफालेर मरे पनि हुने । पोइ नहुँदैमा घर छोड्नुपर्छ र ? सासूससुरा रिझाएर बसे पनि त हुन्छ । घरमा पनि ठ्याक मिल्दैन होला । काम गर्ने जाँगर छैन । खाने बेलामा थुप्रो चाहिने । लौन, उसलाई कसरी घर घकेल्ने ? केही उपाय त सोच्नै पर्‍यो (पृ. ७६) ।"

दाजुभाउजू उनीप्रति कठोर बनेको महसुस गरी उनकी आमाको मनमा चोट पुगे पनि छोराहरूका अगाडि उनको केही नचल्ने भएकाले छोरीको रक्षार्थ एक शब्द पनि प्रयोग गर्न सक्तिनन् । दाजुभाउजूका धारणा र व्यवहारका कारण अत्यन्त अपहेलित भएर बस्नुपरेको दुःखानुभूति त उनले महसुस गरेकै थिइन्, आफ्ना जन्मदाता आमाबाबुले समेत दाजुभाइ तथा भाउजूका विरुद्धमा नबोलिदिँदा उनी अत्यन्त चिन्तित हुन्छिन् । यसबाट उनमा थप मनोवैज्ञानिक अभिघात उत्पन्न हुन्छ ।

बाबु, दाजु र भाउजू उनलाई जसरी पनि घर फर्काउन चाहन्छन् भने आमा केही गर्न नसक्ने अवस्थामा रहन्छिन् । उनी आफ्ना आश्रयदाताबाटै तिरस्कृत हुन पुग्छिन् । भाउजूको उनीप्रतिको व्यवहार झन् झन् कठोर बन्दै जान्छ । खान दिँदा पनि कुकुरलाई दिए जसरी थाल फ्याँकेर दिन्छिन् । कहिले थालभरि भातको थुप्रो खान दिइन्छ । उनी दिइएको खानाको एक चौथाइ पनि खान सक्तिनन् र फ्याँक्नुपर्ने स्थिति आउँछ । त्यसबेला भाउजूको रूप उग्रचण्डीको जस्तो हुन्छ र उनीलाई तुच्छ शब्दद्वारा गाली गर्दछिन् । उनको भनाइ यस्तो हुन्छ : "यो कसैको पोइको सम्पत्ति होइन, यसरी फ्याँक्न पाइँदैन । मेरो लोग्नेको पसिना होइन । बसी बसी खानु पनि छ, भात फाल्नु पनि छ (पृ. ७६) । भाउजू कहिले उनलाई थोरै खान दिन्छिन् जसले उनको पेटको एक चौथाइ भाग पनि भरिँदैन । भाउजूले थप्ने कुरा नगरेपछि उनी चुपचाप उठ्थिन् । यसरी उनलाई दिइएको मानसिक यातनाले पीडित बन्न पुग्छिन् । माइतीघर छोड्न बाध्य पार्ने यस्ता व्यवहारहरूका कारण उनी मानसिक अभिघात बेहोर्न बाध्य हुन्छिन् ।

भाउजूका भनाइबाट मानसिक रूपमा पीडित बनेकी साङ्कोटे बज्यै रातभरि निदाउन सक्दिनन् । दाजुभाउजूको संवादमा प्रयोग भएका वचनले उनलाई मनोवैज्ञानिक रूपमा घाइते बनाउँछ । उनका लागि यस्तो कठोर व्यवहार सहन गाह्रो हुन्छ । माइतीघरमा माइतीको बोझ बनेर बस्न सक्ने स्थिति हुँदैन । त्यसैले भोलिपल्ट बिहान उनी आमासँग अब माइतीघरमा नबस्ने विचार व्यक्त गर्दछिन् । अब कहाँ जान्छेस् भनेर आमाले सोध्दा उनी जाने ठाउँ कतै भए देखाइदिन आमालाई आग्रह गर्दछिन् । आमाको निरीहपन देखेर उनी अत्यन्त भावुक हुन्छिन् । यसबाट उनमा पुनः मानसिक अभिघात थपिन पुग्छ ।

सासू र ससुराका साथमा आश्रय पाइन्छ भन्ने आशाले उनी घरतिरै जाने विचार गर्दछिन् । घरप्रति छोरीको मन फर्केकामा बाबुआमा तथा दाजुभाउजू पनि खुसी हुन्छन् र उनलाई घर पुर्‍याइदिने व्यवस्था मिलाइन्छ । आमाले हालिदिएको आठदस ओटा पुरीको कोसेली बोकेकी बहिनीलाई घर पुर्‍याएर दाजु फर्कन्छन् । घरका सदस्यले भने उनी घर फर्केको पटक्कै मन पराउँदैनन् । घरका सदस्यहरूले उनका विषयमा यसरी कुराकानी गरेको उनी सुन्छिन् : "यो घर गरी खान आएकी त अवश्य हैन । के दाउ हेरेर आएकी हो कुन्नि ? घर गरी खाने त यसको लक्षणै छैन । यतिका दिन माइत बसी । हामी लिन नै नगएर फेरि खुरुक्क आई । यसको के विचार हो कुन्नि (पृ. ७७) ?" उनीहरूले आफूलाई विषय बनाई आफ्ना बारेमा गरेका यस प्रकारका कुराले उनका मनमा पीडा थपिन पुग्छ ।

भोलिपल्टै भालेको डाँकमा उठेर दैलो अँगेनो गरी पँधेराबाट केही खेप पानी पनि ल्याउँछिन् । भान्साभित्र पस्दै गर्दा सासूले अबदेखि भान्सामा प्रवेश निषेधको आदेश जारी गर्दछिन् । उनलाई पहिलेको स्थानमा बसेर खाना खान पनि दिइँदैन भने अबदेखि घरभित्रको काम गर्न पनि निषेध गरिन्छ । घरबाहिरको घाँसदाउरा र पानीपँधेरोको कार्य मात्र उनले गर्न पाउँछिन्

। यसरी उनी बढी श्रमसाध्य कार्यमा मात्र जोतिइरहनुपर्ने अवस्थामा पुग्दछिन् । एकातिर खाना खाने स्थानबाट तल ओर्लनुपर्ने, अर्कातिर घरभित्रका काम गर्न नै नपाइने र बाहिरको कार्यमा निरन्तर खटिइरहनुपर्ने बाध्यताले उनी ज्यादै पीडित बन्न पुग्छिन् । त्यसमा पनि घरका सदस्यहरूले उनको व्यवहार र उपस्थितिलाई लिएर अनेक नकारात्मक कुरा मात्र गरिदिन्छन् । यसबाट उनी अत्यन्त चिन्तित अवस्थामा पुग्दछिन् ।

घरमा मात्र होइन पँधेरामा जेठानीलाई छिमेकीहरूले उक्साइदिएपछि जेठानीलाई थप कठोर बन्न सहयोग पुग्दछ । छिमेकीको कथन यस्तो छ : "हैन हो जेठी बज्यै ! देउरानी त फेरि आइछिन् नि ! खुरुक्क गइन् भनेको त के को जान्थिन् र ? सम्पत्ति खोज्न पो आएकी होलिन् (पृ. ७७) ।" जेठानीका मनमा छिमेकीका धारणाले नकारात्मक प्रभाव बढाइदिन्छ । अंशवण्डाकी हिस्सेदार सदस्य सजिलै पन्छिएकी ठानिरहेको दिमागमा एकाएक आशङ्का भरिन्छ । दाजु चाहिँले अंशमा दावी गर्न उक्साएर पठाएको होला भन्ने कुरा उनी सोच्न पुग्छिन् । हाम्रो सम्पत्ति उसका दाजुले खाने होला नत्र छोराछोरी नभएकीलाई किन सम्पत्तिको आवश्यकता परेको हो भन्ने सोचाइ उनका मनमा आउँछ । यसपछि उनी घर परिवारका सदस्यहरूलाई आफ्नो आशङ्का सुनाउँछिन् र सबैले जेठानीको कुरामा सहमति जनाउँदै यो सम्पत्ति खोज्न नै आएकी हो भन्ने निष्कर्ष निकालिन्छ ।

साङ्कोटे बज्यैमा मानसिक अभिघात थप्ने अर्को विषय पनि देखिन्छ । सानै उमेरमा विधवा भए पनि प्रकृतिले उनलाई विधवा बनाएको हुँदैन । उमेर अनुसार जवानी पनि चढ्दै जान्छ । कुनै पुरुषले मन पराउने र विवाहको प्रस्ताव गर्ने उमेरमा उनले सामाजिक बन्धन र पारिवारिक दमन बेहोर्नुपरेको छ । उनका लागि न घरको न समाजको न माइतीको सहयोग थियो । उनको त्यसबेलको अवस्था यस्तो थियो :

> "उनी नितान्त एक्लै मौनतामा आँसु पिइरहेकी थिइन् । त्यो केबल बाँच्नु थियो सङ्घर्ष थिएन । अधिकार कहाँ खोज्ने ? कसले उनलाई सहयोग गर्छन् ? यी सब प्रश्नहरू उनका लागि अनुत्तरित थिए । कहिले काहीँ विवाहको जग्गेमा देखेको बुढो लोग्नेको अनुहार सपनामा आउन थालेको थियो आजभोलि उनको । विवाहको जग्गेमा लोग्नेको जुँगामुठे अनुहार देखेर उनी तर्सेकी थिइन् र आमालाई अँगालो हाल्न पुगेकी थिइन् । यो सम्झँदा पनि उनलाई कहाली लाग्छ (पृ. ७८) ।"

साङ्कोटे बज्यैका अनुभूतिहरूको वर्णन गरिएको उक्त कथांशमा उनको जीवन केबल बाँचेको देखिन्छ । अनेक अपमान र तिरस्कार भोगेर पनि न्याय माग्न नसक्ने अवस्थामा उनी रहेकी छिन् । सहयोग गर्ने व्यक्तिहरूको पहिचानसमेत गर्न नसक्नुले उनको निरीहावस्थाको पराकाष्ठालाई जनाएको छ । लोग्नेको आवश्यकता नभएका समयमा लोग्ने पाउनु र लोग्नेको आवश्यकता भएका बखतमा वैधव्य जीवन व्यतीत गर्नु उनका लागि दुर्भाग्यपूर्ण अवस्था हो । बिहे के हो, प्रेम के हो भन्ने थाहै नपाई वैधव्य जीवन व्यतीत गर्नुपर्ने स्थिति कतिपय नारीले भोगेका छन् (शर्मा, २०७१, पृ. २४) भन्ने कुरा उनका जीवनमा लागु भएको पाइन्छ ।

लोग्नेको स्मरणले कहालिएकी उनी मानसिक रूपमा नै बेचैन अवस्थामा छन् । साङ्कोटे बज्यैका मनमा सम्भावित दुर्घटना वा आफूमाथि हुनसक्ने अत्याचारको आशङ्का पनि बढेको देखिन्छ । घरमा लोग्ने हुनेहरूको ठाँट बेग्लै देखेकी उनी लोग्ने हुनेहरू धेरै सुरक्षित र भाग्यमानी भएको ठान्न पुग्छिन् । उनी भने घरकी नोकर्नी भन्दा बढी पिल्सिएर बस्नुपरेको महसुस गर्दछिन् । अरू बुहारीहरूसँग आफ्नो तुलना गरेर उनी झन् दुःखी बन्न पुग्छिन् । आफ्नो लोग्ने भएको भए घर न घाटको जिन्दगी बिताउनु पर्दैनथ्यो होला, छोराछोरी हुन्थे होलान् र आफू अपहेलित भई बाँच्नु पर्दैनथ्यो हो भन्ने सोचाइ उनका मनमा उत्पन्न हुन्छ तर भाग्यले ठगिएकी उनी यी सब कुराबाट वञ्चित थिइन् र त्यसको बोधले मानसिक छटपटी बेहोर्न बाध्य हुन्छिन् ।

साङ्कोटे बज्यैका लागि सुख वा आनन्द कल्पनामा मात्र सीमित हुन्छ । वास्तविकतामा त उनलाई दुःखै दुःखको अनुभूति मात्र हुन्छ । कामले फुर्सद नपाउनु र तिरस्कारपूर्ण व्यवहार भोग्नु उनको दैनिकी नै बनेको छ । गाईगोठ सफा गर्नु, मकैबारीमा गएर एक मेलो मकै गोड्नु र खानाका नाममा घरमा सासूले ढिँडो मात्र दिनु (पृ. ७९) ले उनको दैनिक जीवनको दुरावस्थालाई पुष्टि गरेको छ ।

घरका मानिसले समाजसँग मिलेर उनीविरुद्ध षड्यन्त्र गर्दछन् । उनलाई वनमा पठाएर भुसतिघ्रेसँग सल्केको हल्ला चलाएर घरबाट उनलाई निकाल्ने उनीहरूको षड्यन्त्रमूलक योजनानुसार भुसतिघ्रेलाई पैसा दिएर उनलाई लछारपछार गर्न लगाएको घटनापछि ससुरा र जेठाजुहरूले आफ्नो योजना सफल भएको ठान्छन् र पण्डितकी बुहारी भुसतिघ्रेसँग बिटुलिएकी छ भन्ने हल्ला चलाई घरभित्र पस्न दिँदैनन् । आँगनमा मात्र उनले के पाइला टेकेकी हुन्छिन्, छिमेकीहरू उनलाई घरबाट निकाल्ने तयारीका साथ जुटेको देख्छिन् । त्यसबेला उनलाई सासूले यसो भन्छिन् : "अब तँ घरमा नआइज, हाम्रो इज्जत फालिस् (पृ. ८०) ।" ससुरा र जेठाजुका भनाइहरू पनि त्यस्तै आशयमा व्यक्त हुन्छन्, "हामीले आँखाले देख्यौँ, तँ भुसतिघ्रेसँग के गर्दै थिइस् (पृ. ८०) ।" देउरानी र जेठानीहरूले पनि स्वरमा स्वर मिलाई भन्छन्, "कस्तो लोग्ने चाहिएको ? यो भन्दा त बरु पोइल नै जानु नि (पृ.८०) ।" घरपरिवारले मात्र होइन गाउँका मानिसहरू पनि उनका विरुद्धमा खनिन्छन् र भन्छन्, "गाउँमा कसरी मुख देखाउनु लौ (पृ. ८०) ।"

उनी विरुद्ध खनिएका परिवारजन र छिमेकीहरूका कटुपूर्ण वचन र लाञ्छनाले उनी मर्माहत बन्छिन् । मानसिक रूपले छटपटिएकी बज्यैलाई हार गुहार गरेर कराउन तथा न्याय माग्न मन लागे पनि उनलाई साथ दिने, उनका कुरा सुन्ने वा न्याय दिलाउने व्यक्ति कोही हुँदैनन् । अंशबाट वञ्चित गर्न गरिएको यस्तो तुच्छ प्रकृतिको छलकपटपूर्ण व्यवहारले उनमा मानसिक अभिघात गहिरिन पुग्छ ।

एक कदम मात्र अघि बढेमा कुटाइ खानुपर्ने अवस्था निश्चित हुने ठानेर झमक्क परेको साँझमा उनी त्यहीबाट फर्किन्छिन् । फेर्ने फरिया समेत नदिई घरका मानिसहरूले उनलाई निकालिदिन्छन् । साह्रै भोक लागेको भए पनि चिन्ता र भयले गर्दा उनको मन भोकलाई बिर्सेर आतङ्कित बन्न पुग्छ । उनीहरूका व्यवहार उनका मनमा बिझेको तर ननिस्कने काँडो जस्तै पीडादायक बनिदिन्छ ।

असारको महिनामा घर त्याग गर्न बाध्य पारिएकी साङ्कोटे बज्यै झरी, बादल, खोलानाला तथा बढ्दै गएको अँध्यारोबाट उत्पन्न भयले भयभीत हुन्छिन् तर बेसहारा बनेकी उनी जाने ठाउँ ठेगानाबिना नै अगाडि बढ्छिन् । दुई घण्टा हिँडेर पुगिने सानिमाको घरमा पुगेर बास बस्ने सोचाइ बनाएर उनी रातको समय, उर्लेर आएका खोलानाला र वन्यजन्तुको ख्याल नगरी लगातार हिँडिरहन्छिन् । सानिमाको घरमा पुग्दा रातको दस बजिसकेको हुन्छ । त्यति राती त्यस्तो हालतमा सानिमाको घरमा पुग्दा सबै अचम्मित हुन्छन् र सबै कुरा बुझेपछि सहानुभूति दिन्छन् । तर सानिमाका छिमेकमा पनि उनले गृहत्याग गर्नुपर्ने बनावटी कारण फैलिएकाले उनलाई भेट्ने सबैले फरक नजरले हेर्न थाल्छन् । सानिमाका परिवार पनि उनलाई साथमा राख्दा भएको बदनाम हुनुपरेको महसुस गर्दछन् र त्यहाँ बस्ने वातावरण पनि समाप्त हुन्छ । यसबाट उनको मानसिकतामा घाउमाथि घाउ थपिन्छ ।

सानिमाको केही जमिन अर्को गाउँमा पनि भएकाले त्यस जमिनमा सानिमाका परिवारले एउटा झुपडी बनाइदिन्छन् र उनलाई त्यहीँ सारिदिन्छन् । उनलाई गरिखाने जग्गाजमिन पनि दिन्छन् । तर उनी सबै आफन्तजनबाट एक्लिन पुग्छिन् । यसरी

गरिखाने ठाउँ र बासस्थान प्राप्त भए पनि एक्लो, अपहेलित र असहायपूर्ण जीवन बिताउन बाध्य हुन्छिन् जसबाट उनी मानसिक रूपमा पीडित बन्न पुगेकी छिन् ।

**शारीरिक अभिघात**

साङ्कोटे बज्यैका जीवनमा आइपरेको शारीरिक अभिघात परिवारका सदस्यले घरबाट निकाल्न गरेको षड्यन्त्रअनुरूप भुसतिघ्रेले उनीप्रति गरेको व्यवहारसँग सम्बद्ध छ । आफ्ना घरका मानिसले टन्टलापुर घाममा गएर सल्लाघारीबाट कुसुम ल्याएर उनका लागि अदुवाबारीमा छाप्रो हाल्न आदेश दिन्छन् । यस आदेशले उनलाई ज्यादै नरमाइलो लागेर आउँछ । तर प्रतिवाद गर्न नसकी र कसैबाट सहारा नपाएकी बिचरा बज्यै सबै किसिमका आदेश मान्न बाध्य हुन्छिन् । र नरमाइलो मानी मानी सल्लाघारीमा गएर कुसुम सङ्कलन गर्छिन् । सल्लाहरू सुसाएको आवाजले वातावरणलाई अझ एकलास नरमाइलो तुल्याउँछ तर पनि कुसुम खाँदेको डोको बोकेर उनी उकालो लाग्छिन् । उकालो चढ्दै गर्दा उनी कोही व्यक्तिलाई हस्याङफस्याङ गर्दै पछि पछि आउँदै गरेको देख्छिन् । नजिकै आएपछि गाउँकै एकजना भुसतिघ्रेलाई उनी चिनिहाल्छिन् । केही डर लागे पनि साहस गरेर उनी अगाडि बढ्छिन् । तर त्यस भुसतिघ्रेले उनको डोको समात्छ । डोको छोडेर उनी भाग्छिन् भने उसले उनलाई लखेट्न थाल्छ । उनी सल्लाको कुसुममा चिप्लिएर लड्न पुग्छिन् । त्यही मौकामा भुसतिघ्रेले आक्रमणको प्रयास गर्छ । उनले आक्रमण नगर्न अनुरोध गरे पनि उसले छाड्दै छाड्दैन । ऊ यौन चाहनाले नभई उनका घरपरिवारका सदस्यले पैसा दिई त्यस्तो काम गर्न लागाएकाले आक्रमण गर्न आएको हुन्छ । यस्तो कुरा उनले घरका ससुरा, जेठाजु र गाउँका मुखिया केही पर बसेर तमासा हेरिरहेको देखेर अनुमान गर्दछिन् । यस घटनाका कारण उनी शारीरिक अभिघात बेहोर्न बाध्य हुन्छिन् ।

**निष्कर्ष**

साङ्कोटे बज्यैका जीवनमा अनेक परिस्थितिहरू आएका छन् । लोग्नेको मृत्युदेखि नै उनले अभिघात भोग्नु परेको छ । सामाजिक दुर्व्यवस्थाको सिकार बनेकी उनी विभेद र दमनमा परेकी नारी हुन् । लोग्ने नभए पनि माइतीजन, घरपरिवार तथा समाजमध्ये कोही न कोही उनका पक्षमा हुनुपर्थ्यो तर ती उनका सहारा बन्न सकेका छैनन् । उनी माइतीघरबाट, पतिका घरपरिवारबाट, समाजबाट र उमेरगत परिस्थितिबाट अभिघात बेहोर्न बाध्य बनाइएकी नारी हुन् । माइतीघर तथा उनको उमेरगत समस्याबाट उनले मानसिक अभिघात बेहोरेकी छिन् भने घरपरिवार तथा समाजबाट शारीरिक र मानसिक दुवै किसिमको अभिघात बेहोरेकी छिन् । घरपरिवार, माइती पक्ष र समाज अनुदार भएका कारण उनी मानसिक र शारीरिक दुवै किसिमको अभिघातीय पीडा भोग्न विवश बनेकी छिन् । उनका जीवनमा शारीरिक अभिघातभन्दा मानसिक अभिघात अधिक देखिएको छ । साङ्कोटे बज्यै बालककालमै विधवा बनेकी नारी हुन् । उनका माध्यमबाट बालविधवा नारीहरूले भोग्नुपरेको मनोवैज्ञानिक र शारीरिक अभिघातको वर्णन यस कथामा भएको भएको छ । यसरी विधवा नारीप्रति शङ्का उपशङ्का गर्ने तथा उनलाई अनेक लाञ्छना लगाउने घरपरिवार, माइतीघर र समाजका सोचाइ र व्यवहार तिनीहरूको अभिघातका कारण बनेका देखिन्छ । विधवा नारीप्रति गरिएका यस किसिमका विचार र व्यवहारलाई भने कदापि उपयुक्त मान्न सकिँदैन ।

## सन्दर्भ सामग्रीसूची


गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना*, ओरिएन्टल पब्लिकेसन ।

प्रसाई, नरेन्द्रराज र प्रसाई, इन्दिरा (सम्पा.) (२०७१), *विश्व नारी नेपाली स्रष्टा कोश*, त्रिमूर्ति निकेतन ।

भट्टराई, गोविन्दराज (२०७१), *उत्तरआधुनिक विमर्श* (दोस्रो संस्क.), ओरिएन्टल पब्लिकेसन ।

शर्मा, गार्गी (२०७१), *विश्व नारी नेपाली साहित्य विवेचना*, त्रिमूर्ति निकेतन ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक र उत्तरआधुनिक पाठकमैत्री समालोचना*, क्वेस्ट पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६८ क), *नेपाली समालोचना : परम्परा र प्रवृत्ति*, (दोस्रो संस्क.), पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८ ख), अभिघात सिद्धान्त, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)*, रत्न पुस्तक भण्डार । पृ. १४१–१५३

हमाल, उषा (२०७१), साङ्कोटे बज्यै, इन्दिरा शाह र उषा हमाल (सम्पा.), *विश्व नारी नेपाली कथा*, (पृ. ७४–८२), त्रिमूर्ति निकेतन ।

हमाल, उषा (सन् २०१९ फेब्रुअरी २१), *दिप्ती क्षत्री नामबाट धेरै लेख छपाएँ*, https://sallerikhabar.com.

Visser, I. (2011). Trauma theory and postcolonial literary studies. *Journal of Postcolonial Writing, 47*(3), 270-282. https://doi.org/10.1080/17449855.2011.569378